स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेता पल शाह र अभिनेत्री बेनिशा हमालले पहिलो पटक सहकार्य गरेको फिल्म 'मोहर' आगामी साउन २३ गतेबाट प्रदर्शनमा आउने तयारीमा छ। दुई गीत र टिजरका कारण फिल्मप्रति दर्शकको चासो बढिरहँदा अब निर्माण टिमले मोफसल केन्द्रित प्रचार अभियान सुरु गरेको छ। पल र बेनिशाले बुटवलको नवीन औद्योगिक कदरबहादुर रीता मा.विका विद्यार्थीहरुसँग साक्षात्कार गर्दै फिल्म हेर्न निम्तो दिए।

**आजको विचार...**



चामलको... (दुई पेजमा)

पुष्प शर्मा



बेनिशा हमाल अहिलेकी ब्यस्त अभिनेत्री। 'छक्कापञ्जा ४'सुपरहिट भएयता उनको अभिनय करिअर उडानमा छ। एकपछि अर्को गरि उनी अभिनित फिल्म प्रदर्शन तयारीमा छन्। बेनिशा यतिबेला साउन २३ मा प्रदर्शन तयारीमा रहेको 'सिटामोल'को दौडधुपमा ब्यस्त छिन्। सोही मितिमा उनको अर्को फिल्म 'मोहर' पनि आउँदैछ। एउटै मितिमा दुई फिल्म जुध्ने भएपछि चटारो कति हुन्छ, कलाकारबाहेक अरुलाई थाहा हुँदैन।

❐ वर्ष ३० ❐ अंक ३५० ❐ २०८२ असार ३१ गते मंगलबार 15 July 2025, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### आक्रमणमा ४३ जनाको मृत्यु

**(रासस/एएफपी)**

**गाजा, असार ३०**/गाजाको पानी वितरण केन्द्रमा भएको इजरायली हवाई आक्रमणमा केही बच्चासहित ४० जनाभन्दा बढी प्यालेस्टिनीको ज्यान गएको गाजाको नागरिक सुरक्षा निकायले जनाएको छ । उक्त निकायका अनुसार इजरायल र हमासबीचको युद्धविरामको लागि वार्ता हाललाई रोकिएको छ । इजरायल र प्यालेस्टिनी लडाकु समूहका प्रतिनिधिमण्डलहरूले गाजा पट्टीमा २१ महिनादेखि चलेको युद्ध रोकी युद्धविराममा सहमतिका लागि एक हप्तादेखि वार्ता जारी राखेका थिए । नागरिक सुरक्षा निकायका प्रवक्ता महमुद बासलले पानी वितरण केन्द्रमा भएको ड्रोन आक्रमणमा १० जना पीडितमध्ये आठ जना बालबालिका रहेको उल्लेख गरेका छन् । इजरायली सेनाले मध्य गाजाको नुसिरात शरणार्थी शिविरमा एक आतङ्ककारीलाई लक्षित गरी आक्रमण गर्दा 'प्राविधिक त्रुटि' भएको जनाउँदै 'हतियार लक्ष्यबाट दर्जनौँ मिटर टाढा खसेको' बताएको छ । वासिङ्टन इजरायलको शीर्ष सहयोगी हो भन्दै राष्ट्रपति डोनाल्ड ट्रम्पले युद्धविरामका लागि दबाब दिइरहेको र आफू सम्झौताको लागि आशावादी रहेको बताउनुभएको छ । इजरायली नागरिक सुरक्षा निकायका प्रवक्ता बासलले भने युद्ध अन्त्यको तत्काल कुनै संकेत नभएको र आइतबार प्यालेस्टिनी क्षेत्रभरि भएको आक्रमणमा गाजा सहरमा ११ जनासहित कम्तीमा ४३ जनाको मृत्यु भएको बताएका छन् ।

# वाद्यवादन सिक्दै महिला

*सानैदेखिको मादल बजाउने रहर अहिले आएर पूरा भएको छ । घरमा अहिले प्राय:जसो मादलका धुन गुञ्जिन्छ । मादल बजाउने कार्यमा एक किसिमको आदत जस्तै बनिसकेको छ ।"*


**सुशीला रेग्मी/रासस**

**रामपुर (पाल्पा)**, असार ३०/रामपुर नगरपालिका-५ स्थित बेझाडका महिलाले आफैँ खर्च जुटाएर वाद्यवादनसिक्न थालेका छन् । कला, संस्कृति संरक्षण र पुस्तान्तरण गर्ने उद्देश्यले यहाँका १० जना महिलाले बाद्यवादनसम्बन्धी सीप सिक्न थालेका हुन् ।

शिवकुमारी वाग्लेलाई मादलमा हात कसरी राख्ने भन्ने थाहा थिएन । गाउँघरमा अरुले लय निकालेर मादल बजाएको देख्दा आफूलाई पनि बजाउने रहर लाग्ने गरेको सुनाउँदै उनले १० जनाले संयुक्त रूपमा खर्च उठाएर मादल बजाउने सीप सिक्न थालेको जानकारी दिइन् । यसले कला, संस्कृतिको संरक्षण हुनुका साथै पुस्तान्तरणमा सहयोग पुग्ने उनले विश्वास व्यक्त गरिन् । "यसअघि सीप सिक्ने इच्छा हुँदाहुँदै पनि उचित वातावरण थिएन । सानैदेखिको मादल बजाउने रहर अहिले आएर पूरा भएको छ । घरमा अहिले प्राय:जसो मादलका धुन गुञ्जिन्छ । मादल बजाउने कार्यमा एक किसिमको आदत जस्तै बनिसकेको छ", वाग्लेले भनिन् । सङ्गीत एउटा मन भुलाउने माध्यम हो भन्दै छोराछोरी बढ्दै गएपछि आफ्नो पेसामा व्यस्त हुँदा मादल बजाउने सीपले घरमा एक्लोपन हुन नदिएको वाग्लेले धारणा राखिन् । "बाद्यवादन सिकेपछि अहिले घरमा सङ्गीत चलिरहन्छ, यसले मनलाई आनन्द दिनुका साथै समयको सदुपयोग र शरीर फुर्तिलो बन्दै गएको छ", उनले भनिन् । मादलबाहेक अन्य बाद्यवादनका सीप पनि सिक्दै जाने योजना रहेको उनले बताइन् । बाद्यवादनतिर लाग्न थालेपछि मोबाइलको प्रयोग कम, अनावश्यक रूपमा खर्चिने समयको सदुपयोग र शारीरिक कसरत पनि भइरहेको वाग्लेको भनाई छ । गाउँमा अरुले थरीथरीका ताल निकालेर मादल बजाएको देख्दा सरिता अर्याल गैरेलाई पनि आफूले त्यसरी नै मादल बजाउने रहर थियो । आफ्नो मनभित्रका रहर अहिले पूरा हुन थालेका उनले बताइन् । मादलमा हात राम्ररी चलाउन नजान्ने गैरे अहिले थरीथरीका ताल निकालेर बजाउन्छिन् । "सङ्गीतमा रुची धेरै छ, गाउँमा सङ्गीत सिक्ने पाठशाला छैन । पहिलेदेखिको रहर अहिले आफ्नै लगानीमा भएपनि सीप सिकेर पूरा गरिएका छौँ, अब मादलबाहेक अन्य बाद्यवादन बजाउने सीप सिकेर एउटा कुशल बाद्यवादक बन्ने अठोट छ, त्यो सपना पूरा गर्ने कोशिसमा छु", उनले भनिन् । तीज, विवाह, शुभकार्यमा गाउँघरमा युवा जनशक्ति कम हुँदै जादा मादल बजाउने व्यक्तिको अभावलाई परिपूर्ति गर्नका लागि महिलाहरु मिलेर सामूहिक रूपमा मादल बजाउने सीप सिकेको सीता सिग्देलले बताइन् । मादल तथा प्रशिक्षकको आफैँ व्यवस्थापन गरेर करिब एक महिनासम्म मादल बजाउने सीप सिकेपछि अहिले सबैजसो लयमा बजाउन सक्ने भएको उनको अनुभव छ । *-बाँकी अन्तिम पेजमा...*



## करेन्ट लागेर दुई जनाको मृत्यु



**पाल्पा,** असार ३०/छुट्टाछुट्टै स्थानमा करेन्ट लागेर दुई जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार रुपन्देही र झापामा करेन्ट लागेर दुई जनाको ज्यान गएको हो ।

रूपन्देहीको गैडहवा गाउँपालिका-६ लोधपुरवाका २५ वर्षीय अनिल प्रसाद मौर्यको करेन्ट लागेर ज्यान गएको छ । उनी आफ्नै घरमा रहेको टेबल पंखामा तार जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका थिए । घाइते उनको भीम अस्पताल भैरहवामा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । यस्तै झापाको बिर्तामोड नगरपालिका-१० पथरभिट्टामा पनि एक जनाको करेन्ट लागेर मृत्यु भएको छ । सोही ठाउँका ५३ वर्षीय पुष्प पोखरेलको करेन्ट लागेर मृत्यु भएको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ । सोही ठाउँस्थित आफ्नै निर्माणाधीन घरमा पानी हाल्नको लागि विद्युतीय मोटर जोड्ने क्रममा करेन्ट लागेर गम्भीर घाइते भएका उनको बिएण्डसी अस्पताल बिर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो ।

## छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु

**हाम्रा संवाददाता**

**पाल्पा,** असार ३०/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको मृत्यु भएको छ । केन्द्रीय प्रहरी समाचार कक्षका अनुसार धनुषा र बर्दियामा भएका छुट्टाछुट्टै सवारी दुर्घटनामा तीन जनाको ज्यान गएको हो ।



धनुषाको गणेशमान चारनाथ नगरपालिका-४ स्थित सडकमा मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा क जनाको मृत्यु भएको छ । बिआर ३२ एवाइ १४६३ नम्बरको मोटरसाइकल र मधेश प्रदेश ०२-००६ प ९७४४ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा मधेश प्रदेश ०२-००६ प ९७४४ नम्बरको मोटरसाइकल चालक धनुषाधाम नगरपालिका-१ मुग्राहाका २३ वर्षीय बिबेक यादवको मृत्यु भएको प्रहरीले जनाएको छ । दुर्घटनामा गम्भीर घाइते भएका उनको प्रादेशिक अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भएको हो । साथै दुर्घटनामा घाइते भएका बिआर ३२ एवाइ १४६३ नम्बरको मोटरसाइकल चालकको न्यूरो अस्पताल जनकपुरमा उपचार भइरहेको छ । यस्तै बर्दियाको मधुबन नगरपालिका-८ स्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा अर्का एक जनाको मृत्यु भएको छ । भे.१३ प ९३६७ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा मोटरसाइकलमा सवार गुलरिया नगरपालिका-७ बागेस्वरी टोल बस्ने ५७ वर्षीय कृष्ण प्रसाद बस्यालको मृत्यु भएको हो । *-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAVA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## युवा दक्षता दिवसको सान्दर्भिकता

विश्व युवा दक्षता दिवस नेपालसहित विश्वभर आज विभिन्न कार्यक्रम गरी मनाइँदै छ । हरेक वर्ष जुलाई १५ मा यो दिवस मनाउने गरिन्छ । सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले आजकै दिन अर्थात् जुलाई १५ मा दिवस मनाउने संकल्प गरेदेखि यो दिन मनाउन थालिएको हो । युवाहरुको सामाजिक–आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यले यो दिन दिवस मनाइन्छ ।

हरेक वर्ष यो दिवस मनाइए पनि नेपालमा धेरै युवाहरु आर्थिक रुपमा कमजोर छन् । योग्यता र क्षमता अनुसार स्वदेशमै काम नपाइँदा युवाहरु बरालिनु परेको अवस्था छ । यो अत्यन्त द्ुखको कुरा हो । कुनै पनि देशको विकास युवा जनशक्ति विना सम्भव छैन । युवा सबैभन्दा उर्जाशील जनशक्ति हो । उनीहरु विकासका लागि दरिलो र भरिलो आधारस्तम्भ समेत हुन् । आज इञ्जिनियर, डाक्टर, शिक्षक, पाइलट, किसान, मजदुर आदि सबै क्षेत्रमा युवाको उपस्थिति बलियो छ तर राज्यको नीति बनाउने कुरामा अर्थात् राजनीतिमा अझै युवाको उपस्थिति कमजोर छ । नीतिगत तहमा युवाहरू पुगे पनि उनीहरूको न्यून संख्याले युवामैत्री, रोजगारीमैत्री काम गर्न सकेका छैनन् ।

युवाहरुमा अपार क्षमता रहेको हुन्छ । उनीहरूलाई उचित शिक्षा, दिक्षा, रोजगारको व्यवस्था गरी नेपालको शान्ति र समृद्धिमा सरिक गराउनु आजको आवश्यकता हो । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा युवाहरुको सक्रिय सहभागिता रहेको छ । कृषि तथा उत्पादनमूलक क्षेत्र र श्रम क्षेत्रमा पनि युवाहरुको उपस्थिति ठूलो छ । अध्ययन, रोजगारी, जीविकोपार्जन र अवसरको खोजीका लागि धेरै युवाहरु शहर केन्द्रित भइरहेका छन्, विदेश पलायन भइरहेका छन् । विगतमा युवा र उनीहरुका सरोकारका विषयलाई सरकारका नीति, कानुन एवं कार्यक्रमले सही रुपमा सम्बोधन गर्न नसक्दा अवसरको खोजीमा विदेश जाने र उतै पलायन हुने समस्याले मुलुक समस्यामा छ । रोजगार बजारमा उपलब्ध दक्ष र योग्य युवालाई देशभित्र अवसर सिर्जना गर्न नसक्नु, जनशक्तिको माग र शिक्षाबीच सामञ्जस्य कायम हुन नसक्नु जस्ता धेरै कारण युवाहरु बेरोजगार बस्नु परेको छ । यसो हुनु दुखद् हो । युवालाई सीपयुक्त, उत्पादशील बनाउन सकेमा मात्र हरेक वर्ष मनाइने विश्व युवा दक्षता दिवसको सान्दर्भिकता रहन्छ । अन्यथा दिवस औपचारिकतामै सिमित बन्ने छ ।

### Opinion @ Social Network

सिक्नु, सुधार्नु र अगाडि बढ्नु नै सफलताको चाबी हो
गल्तिहरु लाइ पाठको रुपमा लिदै अघि बढ्नु नै जिवनको असली जित हो ।
*(सोनि आलेको फेसबुक स्टाटस https://www.facebook.com/Soni.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# चामलको आयात बढ्नुमा पनि लोकतन्त्रलाई दोष ?



पुष्प शर्मा

केही दिनअघि सामाजिक सञ्जालमा मैले एउटा छोटो भिडिओ क्लिप देखें । त्यसमा कांग्रेसका नेता गगन थापा भन्दै थिए – राजाको पालामा नेपालले चामल निर्यात गर्थ्यो, अहिले आयात गर्छ । देश बर्बाद भयो भन्ने भाष्य बनाएर केही मानिस नेपालका युवा पुस्तालाई भड्काउँदैछन् । पहिले चामल निर्यात हुने अनि अहिले आयात हुने तथ्य उनी नकार्दै थिएनन् । तर किन यस्तो भयो भन्नेबारे उनका केही तर्क थिए । उनी लोकतन्त्रको बचाउ गर्दै थिए । गगन थापाको त्यो वक्तव्यमा सामाजिक सञ्जाल प्रयोगकर्ताहरूको अनेक किसिमका टिप्पणी थिए । केही टिप्पणी उनले अध्ययन नगरी, केही नबुझी बोलेका भन्ने थिए । सामाजिक सञ्जालमा देखिने सबैखाले टीका-टिप्पणीमा ध्यान दिनु त उचित होइन, तर अलि 'समझदार' नै लाग्ने केही व्यक्ति समेत थापाका ती भनाइसँग असहमत देखेपछि मलाई यो विषयमा केही खोजबिन गर्न मन लाग्यो । यो विषयमा मेरो उत्सुकताको कारण त्यही एउटा पोस्ट र त्यसमा गरिएका टीका-टिप्पणी मात्र होइनन् । नेपाल चामलको निर्यातकर्ताबाट आयातकर्ता बनेको दुखेसो मैले पहिलेदेखि नै सुन्दै आएको छु । र, केही मानिसहरू त साँच्चै नै यसको दोष नेपालबाट राजतन्त्र फ्याँक्नु र लोकतन्त्र ल्याउनुलाई दिन्छन्द्र हो, नेपालले पहिले चामल निर्यात गर्थ्यो, अहिले आयात गर्छ । संयुक्त राष्ट्र संघको खाद्य तथा कृषि संगठनको तथ्यांक अनुसार नेपालले सबभन्दा धेरै धान-चामल निर्यात सन् १९६४ मा साढे सात करोड अमेरिकी डलर बराबरको गरेको थियो । त्यसपछि पनि नेपालबाट धान-चामलको निर्यात निरन्तर भइरहे पनि निर्यातको परिमाण कहिल्यै त्यति पुगेन । त्यो घट्दै गयो । अलि पछिका वर्षहरूमा निर्यात ज्यादै नै कम हुँदै सन् १९८३ मा साढे सात लाख अमेरिकी डलर र सन् १९८७ मा तीन लाख सत्तरी हजार अमेरिकी डलर बराबरको निर्यात भयो । सन् १९८८ देखि त धेरै वर्षसम्म निर्यात नै भएन । त्यसैले शासन व्यवस्थाकै आधारमा हेर्ने हो भने नेपालबाट हुने धान-चामल निर्यात नेपालमा पञ्चायती व्यवस्था रहेकै बेलामा सबभन्दा धेरै निर्यात भएको साँचो हो । तर पञ्चायती व्यवस्था रहेकै बेलादेखि नै निर्यात खस्किँदै गएको र शून्यमा झरेको पनि त्यति नै साँचो हो । नेपालमा धान-चामल आयात पनि सन् १९८१, अर्थात् पञ्चायती व्यवस्था हुँदादेखि नै सुरू भएर बढ्दै गएको हो । पछिल्ला वर्षहरूमा यस्तो आयात ह्वात्तै बढेर सन् २०१२ यता त प्रत्येक वर्ष दस करोड अमेरिकी डलर नाघ्दै गएको छ । बितेका दस वर्षमा प्रत्येक वर्ष बीस करोड अमेरिकी डलरभन्दा धेरैको धान-चामल आयात भएको छ। यसमा एउटा अचम्म लाग्ने कुरा चाहिँ के छ भने, नेपालबाट युवाहरू ह्वारह्वार्ती बिदेसिएर देश नै रित्तिन लाग्यो भन्दै गर्दा, धान-चामल आयात भने प्रत्येक वर्ष अचाक्ली बढेको बढ्यै छ । जबकि धेरै खाना खाने साना केटाकेटी र वृद्धवृद्धा भन्दा युवा वर्गले हो । धान-चामलको आयात र निर्यातको मात्र तथ्यांक हेरेर नेपाल पहिले गजबको थियो, अहिले बर्बाद भयो भन्नु चाहिँ अपूरो निष्कर्ष हुन्छ।

अझ नेपालबाट धान-चामलको निर्यात घट्दै जानु र आयात बढ्दै जानुको दोष लोकतन्त्रलाई लगाउनु भनेको कि त नबुझेर हो, वा बुझेर पनि भीडको वाहवाही बटुल्न गरिएको बुझपचाई हो । धान-चामलको निर्यात घट्नु र आयात बढ्नुका कारण के हुन सक्छन् ? मुख्य रूपमा, कि नेपालमा धानको उत्पादन घटेको हुनुपर्‍यो, कि जनसंख्या बढेको हुनुपर्‍यो वा भात खाने मान्छेको संख्या बढेको हुनुपर्‍यो। यीमध्ये कुनै एक, दुई वा सबै कारण हुनुपर्‍यो । सबभन्दा पहिला धानको उत्पादन र उत्पादकत्वको अवस्था हेरौं। तलको तालिकामा देखाए अनुसार गएको ६० वर्षमा नेपालमा धानको उत्पादन साढे दुई गुणाभन्दा ज्यादाले बढेको छ। सन् १९६१ मा २१ लाख टन धान उत्पादन भएकामा सन् २०२३ मा ५७ लाख टन उत्पादन भएको थियो। र, धानको उत्पादन सन् १९९० को दशकदेखि राम्रैसँग बढेको देखिन्छ । यसको मुख्य कारण धानको उत्पादकत्वमा भएको वृद्धि हो । सन् १९९० दशकको सुरूसम्म धानको उत्पादकत्व दुई हजार किलो प्रति हेक्टरभन्दा कम थियो । सो दशकको मध्यदेखि बढ्दै गएर सन् २०२३ मा झन्डै ४ हजार किलो प्रति हेक्टर पुग्यो । विगत ६० वर्षमा उत्पादकत्व उल्लेख्य रूपमा बढेकै कारण धानको उत्पादन पनि साढे दुई गुणाभन्दा बढीले बढेको हो । धान खेती हुने क्षेत्रफल पनि बढेको त छ तर उत्पादकत्व बढे भन्दा कम दरले । र, गएका केही वर्षमा धान खेती हुने क्षेत्रफल घटेको पनि छ । भनेपछि नेपालबाट हुने धान-चामलको निर्यात घट्नु र नेपालमा हुने आयात बढ्नुको कारण नेपालमा धानको उत्पादन र उत्पादकत्व घटेर होइन रहेछ । बरू धानको उत्पादन र उत्पादकत्व बढेर पनि निर्यात घट्ने र आयात बढ्ने भएको रहेछ । उसो भए कारण नेपालको जनसंख्या वृद्धि वा भात खाने मानिसको संख्यामा वृद्धि वा दुवै हो त ? यो पनि हेरौं । नेपालको जनगणना अनुसार सन् १९६१ मा नेपालको कुल जनसंख्या ९४ लाख थियो। यो संख्या त्यसको बीस वर्षपछि सन् १९८१ मा डेढ करोड पुग्यो। त्यसको चालीस वर्षपछि सन् २०२१ मा दुई करोड ९१ लाख पुग्यो । अहिले नेपालको जनसंख्या झन्डै ३ करोड छ । अर्थात् विगत ६० वर्षमा नेपालको जनसंख्या तीन गुणाभन्दा धेरैले बढेको छ । नेपालीको मुख्य खाद्यान्न चामल भएको सन्दर्भमा जनसंख्या वृद्धिसँगै चामलको माग बढ्नु स्वाभाविक हो। देशभित्र उत्पादनको वृद्धिदरभन्दा जनसंख्याको वृद्धिदर धेरै हुँदा बढेको माग धान्न धान-चामलको निर्यात घट्नु र आयात बढ्नु पनि स्वाभाविक हो । त्यसमाथि नेपालमा गरिबीको अवस्था र नेपालीहरूको जीवनस्तर पहिला जस्तो छैन । सन् १९९५-९६ मा गरिएको पहिलो नेपाल जीवनस्तर सर्वेक्षणले नेपालमा गरिबी ४० प्रतिशतभन्दा माथि रहेको देखाएको थियो । सन् २०२२-२३ को पछिल्लो सर्वेक्षणले गरिबी २० प्रतिशतमा झरेको देखाएको छ । घट्दो गरिबी र बढ्दो जीवनस्तरले पनि भात खाने र पहिलाभन्दा धेरै भात खाने मानिसको संख्या वृद्धि भएको छ। नेपालीको जीवनस्तर उकासिएर भात खाने संख्या बढ्नु र त्यसका लागि चामलको माग बढ्नु त अधोगति नभई अग्रगति नै होला निद्रा नेपालीको जीवनस्तर उकास्न लोकतन्त्रको योगदान छ कि छैन भन्ने छुट्टै बहसको विषय होला । मेरो विचारमा पक्कै छ, भलै जति हुन सक्थ्यो त्यति नभएको होला । कतिपयलाई लोकतन्त्रले के नै गरेको छ र, नेपालीको गरिबी घटेको र जीवनस्तर बढेका कारण त वैदेशिक रोजगार र रेमिटेन्स न हो भन्ने मात्र लाग्ला । यो विषय वृहत ढंगले हेरिनुपर्छ, यो अर्कै पाटो भयो । तर के चाहिँ पक्का हो भने, नेपालबाट पहिला धान-चामल निर्यात हुने यथार्थको जस राजतन्त्रलाई र पछि गएर धेरै आयात हुन थालेको अपजस चाहिँ लोकतन्त्रलाई लगाउनु बौद्धिक बेइमानी हो । भात खाने नेपालीको संख्या बढेसँगै चामलको माग बढेको विषय नेपालमा गरिबहरूको संख्या घटेको र नेपालीको जीवनस्तरमा उल्लेख्य सुधार भएको यथार्थसँग मात्र पनि सम्बन्धित छैन । यसमा देशभित्र भएको बसाइँसराइ र पहाड तथा दुर्गम ठाउँहरूसम्म भएको बाटोघाटोको विकास पनि हेर्नु पर्छ । किनभने, नेपालमा धान-चामल उत्पादन हुने मुख्य क्षेत्र तराई हो । तराईको जनसंख्या र तराईबाट पहाडतिर धान-चामल पुर्‍याउन सक्ने वा नसक्ने अवस्थाले पनि चामल खपत कति हुन्थ्यो र हुन्छ भन्ने निर्धारण गरेको छ । नेपालमा सन् १९८० को दशकसम्म जनसंख्याको सबभन्दा ठूलो हिस्सा पहाडमा बसोबास गर्थ्यो । सन् १९८१ अर्थात् २०३८ सालको जनगणना अनुसार कुल जनसंख्याको ८.७ प्रतिशत हिमाली क्षेत्रमा, ४३.६ प्रतिशत तराईमा र ४७.७ प्रतिशत पहाडमा बस्थ्यो । २०४८ सालसम्म आइपुग्दा तराईको जनसंख्या रुकुल जनसंख्याको ४६.७ प्रतिशत, पहाडको ४५.५ प्रतिशत र हिमालको ७.८ प्रतिशत पुग्यो। त्यसपछिका वर्षहरूमा यही क्रम जारी रहँदै पछिल्लो २०७८ सालको जनगणना अनुसार तराईको जनसंख्या ५३.६ प्रतिशत पुगेको छ । पहिला पहाडमा बाटोघाटोको सुविधा नभएकाले तराईको धान-चामल पहाड पुर्‍याउन कठिन थियो। मुस्किलले अलिअलि चामल पुर्‍याउन सके पनि त्यो ज्यादै महँगो पर्थ्यो। पहाडका केही हुनेखाने वर्गले चामलको भात खाने गरे पनि आम रूपमा चामलको भात पहाडका लागि एक किसिमको विलासिता नै थियो भन्दा फरक पर्दैन । यसरी देशको जनसंख्याको ठूलो हिस्सा बसोबास गर्ने क्षेत्रमा चामलको आपूर्ति र उपभोग नहुने भएपछि तराईको अतिरिक्त धान-चामल भारत निकासी हुनु सामान्य थियो ।

**अब आउने दिन कस्तो होला ?**

**नेपालले के गर्नुपर्ला ?**

नेपालीको खाद्य संस्कृति यस्तै नै रहिरहने हो भने, अर्थात चामलको भात नै नेपालीको मुख्य खाद्यवस्तु रहिरहने हो भने, आउने दिनमा चामलको आन्तरिक माग अझ बढेर जाने निश्चित छ । धान खेतीको क्षेत्रफल घट्दै गएको छ, पछिल्लो अवस्था अस्थायी हो वा स्थायी भन्ने निश्चित छैन । क्षेत्रफल बढे पनि त्यसको एउटा निश्चित सीमा छ । त्यसैले धानको उत्पादन बढाउन उत्पादकत्व व्यापक बढाउनुपर्ने हुन्छ । दक्षिण एसियाका अन्य मुलुकको धानको उत्पादकत्व हेर्दा नेपालले पनि वृद्धि गर्न सक्ने सम्भावना छ । त्यसका लागि सिँचाइ सुविधा विस्तार, गुणस्तरीय बीउ, मल र अन्य कृषि सामग्रीको उपलब्धता जस्ता धेरै कुराको उचित व्यवस्थापन आवश्यक पर्छ । यो नयाँ कुरा अवश्य होइन र नेपालले यो दिशामा केही न केही गरिरहेकै छ । यसपालि बजेटमा त रासायनिक मलको कारखाना नै खोल्ने योजना पनि राखिएको छ । मैले यो विषय उठाउनुको कारण चाहिँ अर्कै छ । नेपाल लगायत देशहरूमा धानको उत्पादकत्वमा जुन वृद्धि भएको छ, त्यसको मुख्य कारण रासायनिक मल तथा विषादीको अत्यधिक प्रयोग र धेरै उत्पादन हुने तर अत्यधिक पानी चाहिने धानका जातको प्रयोग हो भनिन्छ । यस किसिमको कृषि अध्यास हरित क्रान्तिको नामले प्रसिद्ध छ । यो अभ्यासले उत्पादन व्यापक बढाए पनि वातावरणमा नकारात्मक असर पारेको छ । यसबारे पहिल्यैदेखि हुँदै आएको चर्चाले अहिले व्यापकता पाएको छ । र, यो धान-चामलको मात्र नभएर समग्र कृषि क्षेत्रको विषय हो । यस किसिमको कृषि विकास दिगो नहुँदा यसमा आमूल परिवर्तन गर्नुपर्ने आवाज उठ्न थालेका छन् । अझ जलवायु परिवर्तनले पार्दै गएको प्रभावको सन्दर्भमा त यो विषय झन् महत्त्वपूर्ण भएको छ । त्यसैले के के विकल्प छन् र रोज्नुपर्ने उचित विकल्प के हो भन्ने विषयमा बढी ध्यान दिनु आजको आवश्यकता हो । वातावरण, दिगोपन र जलवायु परिवर्तनलाई ध्यानमा राखे रासायनिक मल, विषादी, अत्यधिक पानीको प्रयोग हुने किसिमको नै कृषि अभ्यासलाई नै निरन्तरता दिने हो वा यस्तो कृषि अभ्यास परिवर्तन गर्ने? परिवर्तन गर्ने भए विकल्प के छ ? धानको सन्दर्भमा, यसको उत्पादकत्व बढाउँदै समग्र उत्पादन बढाउन सकिने दिगो किसिमको कृषि अभ्यास उपलब्ध छ ? छ भने, नेपालले अहिलेसम्म किन त्यो विकल्पमा जाने तयारी गरेको छैन? कि धानको उत्पादकत्व र उत्पादन वृद्धिको लक्ष्य नै त्यागेर चामल आयात गरेरै माग धान्ने हो ? वा हाम्रो खाद्य संस्कृतिमै परिवर्तन ल्याउने हो ? त्यसैले नेपालमा आज हुनुपर्ने चिन्तन, बहस र नीति निर्माणको विषय नेपालको पहिलेको र अहिलेको धान-चामलको आयात-निर्यातको साँघुरो दायरा होइन । जे हल्ला चलाइएको छ, त्यो गलत छ । यस्ता हल्लाको पछि लाग्नुभन्दा यो लेखमा माथि उल्लेख गरेजस्तो आजका जटिल मुद्दाहरूमा सबैको ध्यान जानु अहिलेको प्रमुख आवश्यकता हो । र, त्यसतर्फको बहस अगाडि बढाएर उचित समाधान खोज्नु आजको प्रमुख आवश्यकता हो ।

***–सेतोपाटी डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०७९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :व्यवसायमा मनग्य लाभ हुनेछ। आयआर्जनका नयाँ स्रोतहरू फेला पर्नेछन्। | **तुला** : सन्तान पक्षबाट सहयोग मिल्नेछ। सहयोगीहरूले राम्रो साथ दिनेछन्। |
| **वृष** : विशिष्ट व्यक्तिहरूसँग सम्पर्क बढ्नेछ। नयाँ कामप्रति उत्साह जाग्नेछ। | **वृश्चिक** : प्रतिफल मिल्न गाह्रो रहेको छ। परिवारको साथ र सहयोग मिल्नेछ। |
| **मिथुन** : प्रतिष्ठित कार्य गर्ने समय रहेको छ। धर्मकर्मतर्फ प्रवृत्त भइनेछ। | **धनु** : थीभाइबाट राम्रो सहयोग मिल्नेछ। संसाधन जुट्नाले दिगो योजना प्रारम्भ हुनेछ। |
| **कर्कट** : व्यायाममा ध्यान पुर्‍याउनुहोस्। रचनात्मक कार्यमा सफलता मिल्नेछ। | **मकर** : सिर्जनात्मक क्षेत्रमा प्रगति हुनेछ। अनुसन्धानबाट ख्याति प्राप्त हुनेछ। |
| **सिंह** : साहसिक कार्य गर्ने समय रहेको छ। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **कुम्भ** : नयाँ कार्यको प्रस्ताव आउनेछ। स्वादिष्ट भोजनको प्राप्ति हुनेछ। |
| **कन्या** : मानसम्मानमा कमी आउनेछ। आलस्यले गर्दा कार्य सम्पादनमा समय लाग्नेछ। | **मीन** : धनमा कमी आउन सक्छ। यात्रा गर्दा आफ्नो सामानको जिम्मेवारी स्वयं राखौं। |

## विज्ञान/सूचना प्रविधि

# टिकटकले बाढीको विश्वसनीय सूचना दिने




नेपालमा मनसुन बाढीको प्रकोप बढिरहेको सन्दर्भमा टिकटकले विहिबार नयाँ सर्च गाइड सार्वजनिक गरेको छ । यो फिचरले नेपाली प्रयोगकर्तालाई विश्वसनीय र ताजा जानकारीसम्म पहुँच प्राप्त गर्न सहयोग गर्ने विश्वास प्लाटफर्मले लिएको छ । प्राकृतिक प्रकोप सम्बन्धी गलत जानकारी फैलिन नदिन र वास्तविक जानकारीको पहुँच सुनिश्चित गर्न, सुरक्षा र तथ्यपरक सचेतनालाई प्रवधर्न गर्ने टिकटकको निरन्तर प्रयासकै हिस्साका रूपमा यो गाइडले प्रमाणित जानकारी उपलब्ध गराउने जनाइएको छ । अबदेखि टिकटकमा बाढीसम्बन्धी अपडेट खोज्ने प्रयोगकर्ताले एउटा विशेष ब्यानर देख्नेछन्, जसले उनीहरूलाई विश्वसनीय स्रोतहरूबाट जानकारी भेरिफाई गर्न प्रेरित गर्नेछ । यो गाइडले प्रयोगकर्तालाई नेपालको राष्ट्रिय विपद् सूचना पोर्टल बीआइपीएडी, टिकटकको सेफ्टी सेन्टर रिसोर्सेस र पीडादायी घटनाबाट प्रभावित व्यक्तिलाई व्यावहारिक सहयोगसमेत समावेश गरिएको ट्र्याजिक ईभेन्ट सपोर्ट गाइडमा सिधै पहुँच दिन्छ । यो गाइडले प्राकृतिक विपददेखि व्यक्तिगत क्षतिसम्मलाई समेटेर ट्र्याजिक ईभेन्टलाई स्पष्ट रूपमा परिभाषित गर्दछ र त्यस्ता घटनामा मानसिक स्वास्थ्य सहयोग खोज्ने तरिका तथा यस्ता सामग्री जिम्मेवारीपूर्वक शेयर वा रिपोर्ट गर्ने उपायबारे पनि जानकारी दिन्छ । टिकटकको दक्षिण एसियाका लागि पब्लिक पोलिसी एण्ड गभर्मेन्ट रिलेसन्स हेड फिरदौस मोत्ताकिनले भने, 'संकटको घडीमा समयमै र सही जानकारीको पहुँच अत्यन्तै महत्वपूर्ण हुन्छ भन्ने हामी बुझ्दछौं ।' उनले अघि भने, 'हामीले विपद् व्यवस्थापनसँग प्रत्यक्ष जोडिएका संस्थासँग सहकार्य गरेर एवम् यी स्रोतहलाई हाम्रा प्रयोगकर्ताको पहुँचमा सहज तरिकाले पुर्याएर, हामी वहाँहरूलाई सचेत निर्णय लिन र सुरक्षित रहन सहयोग गर्न चाहन्छौं ।' यो सुरुवात टिकटकको विश्वसनीय जानकारीलाई प्राथमिकता दिने र आफ्ना प्रयोगकर्ताहरूका लागि सुरक्षित डिजिटल वातावरण निर्माण गर्ने लगायत वृहत लक्ष्यहरूमा आधारित रहेको प्लाटफर्मले जनाएको छ । 'यो प्लेटफर्म यस्तो वातावरण निर्माण गर्न प्रतिबद्ध छ जहाँ मानिसहरू सहि सूचनाको माध्यमबाट अपडेट भइरहन, आृनो मानसिक र सामाजिक स्वास्थ्यको ख्याल राख्न र संवेदनशील क्षणहरूमा जिम्मेवार बन्न सक्नेछन्' टिकटकले भनेको छ ।

*-अनलाइन खबर डटकम*


# भौतिक सम्पत्तिमा भएको लगानीलाई एआईको लगानीले उछिन्यो



सफ्टवेयर, तथ्याङ्क र आर्टिफिसियल इन्टेलिजेन्स (एआई) जस्ता अमूर्त वस्तुमा भएको लगानीमा भएको वृद्धिका कारण गत वर्ष भौतिक सम्पत्तिमा भएको लगानीलाई उछिनेको संयुक्त राष्ट्रसैले बुधबार जनाएको छ । संयुक्त राष्ट्रसैको विश्व बौद्धिक सम्पत्ति सङ्गठन (डब्ल्यूआईपीओ) ले पछिल्लो एक प्रतिवेदनमा भनेको छ, "उच्च ब्याज दर र कमजोर आर्थिक पुनरुत्थानका कारण प्रभावित भएका मेसिनरी र भवनजस्ता भौतिक वस्तुमा गरिएको लगानीको तुलनामा सन् २०२४ मा बौद्धिक सम्पत्तिमा आधारित सम्पत्तिमा लगानी तीन गुणा तीव्र गतिमा बढेको छ ।" इटालीको लुइस बिजनेस स्कूलसँगको सहकार्यमा प्रकाशित उक्त प्रतिवेदनले २७ वटा उच्च र मध्यम आय भएका अर्थतन्त्रमा अमूर्त लगानी गत वर्ष वास्तविक रुपमा करिब तीन प्रतिशतले वृद्धि भई ७.६ ट्रिलियन अमेरिकी डलर पुगेको देखाएको छ । डब्ल्यूआईपीओका प्रमुख डेरेन टाङले भने, "हामीले अर्थतन्त्रको विकास र प्रतिस्पर्धा गर्ने तरिकामा आधारभूत परिवर्तन देखिरहेका छौं ।" "व्यवसायहरूले अनिश्चित समयमा कारखाना र उपकरणहरूमा लगानीलाई सुस्त पारेका छन्, तर लगानी अमूर्त सम्पत्तिमा दोब्बर हुँदैछन्", उनले भने, "यो प्रवृत्तिले नीति निर्माताहरूमा गहिरो प्रभाव पारेको छ ।" उनले भने, "अमूर्त लगानीलाई बुझ्ने र वित्तपोषण गर्ने देशहरू प्राविधिक, डिजिटल र सांस्कृतिक नवीनताद्वारा सञ्चालित विश्वव्यापी अर्थव्यवस्थामा वृद्धिका लागि राम्रो अवस्थामा हुनेछन् ।" सन् २०२४ मा संयुक्त राज्य अमेरिकाले अमूर्त सम्पत्ति खरिदको पूर्ण स्तरमा नेतृत्व गरेको थियो र फ्रान्स, जर्मनी, जापान र बेलायतले यस्तो सम्पत्तिमा लगानी गरेको भन्दा झण्डै दोब्बर लगानी गरेको थियो । यसैबीच स्वीडेन विश्वको सबैभन्दा अमूर्त-सम्पत्ति-गहन अर्थव्यवस्थाको रूपमा रह्यो, यस्तो लगानीले स्वीडेनको कुल गार्हस्थ्य उत्पादन (जीडीपी) को १६ प्रतिशत हिस्सा ओगटेको छ । संयुक्त राज्य अमेरिका, फ्रान्स र फिनल्याण्डले जिडिपीको १५ प्रतिशतको तीव्रताका साथ पछ्याए । डब्ल्यूआईपीओका अनुसार भारतमा अमूर्त लगानीको तीव्रता लगभग १० प्रतिशत छ जसले भारत युरोपेली सै र जापानसहित विश्वका धेरै अर्थव्यवस्थाभन्दा अगाडि ररहेको छ । प्रतिवेदनले सन् २००८ देखि २०२४ को बीचमा अमूर्त सम्पत्तिमा गरिएको लगानीले सङ्कटको समयमा पनि निरन्तर र लचिलो वृद्धि भएको देखाएको छ । डब्ल्यूआईपीओका अनुसार मूर्त सम्पत्ति लगानीका लागि यो एक प्रतिशत मात्र हो । सृटवेयर र डाटाबेसले सन् २०१३ देखि २०२२ को बीचमा वार्षिक सात प्रतिशतभन्दा बढीले वृद्धि हुने अमूर्त सम्पत्ति लगानीको सबैभन्दा तीव्र वृद्धि भएको देखाएको छ । साथै यसले यस्तो लगानी हालको आर्टिफिसियल इन्टेलिजेन्स विकाससँग मिल्दोजुल्दो भएको र सम्भवत: प्रेरित भएको कुरा प्रकाश पारेको छ । एआईले पहिले नै चिप्स, सर्भर र डाटा सेन्टरसहित मूर्त पूर्वाधारहरूमा लगानीलाई बढावा दिइरहेको छ र यसले एआई प्रणालीहरूलाई प्रशिक्षित गर्न आवश्यक तथ्याङ्क सेटहरूजस्ता चीजहरूमा अधिक अमूर्त लगानीलाई बढावा दिन थालेको रिपोर्टले देखाएको छ । डब्ल्यूआईपीओको अर्थशास्त्र र तथ्याङ्क विश्लेषण विभागका प्रमुख साचा वुन्श-भिन्सेन्टले भने, "मानिसहरू सोच्छन् कि हामी पहिले नै एआई विकासको बीचमा छौं, तर हामी वास्तवमा सुरुमा मात्र छौं ।"

*-हाम्रा कुरा डटकम*


# एआईको प्रतिस्पर्धाबिच अबको संसार कस्तो हुनेछ ?




के कृत्रिम बौद्धिकता (एआई) को उदयको अर्थ होमो सेपिएन्स अर्थात् मानिसको अन्त्य नै हो ? अमेरिकाबाट प्रकाशित हुने 'वाल स्ट्रिट जर्नल' ले यो प्रश्न लेखक तथा इतिहासकार युवल नोह हरारीसँग सोधेको छ । हरारी एआईको उदयको व्यापक फाइदा तथा भयानक खतरा दुवै बारे मुखर छन् । उनले वाल स्ट्रिट जर्नलसँग यसै सेरोफेरोमा रहेर गरेको कुराकानी । कृत्रिम बौद्धिकता वा तपाईंकै शब्दमा भन्दा एलियन बौद्धिकताका रूपमा नयाँ प्रजातिको उदयले मानव जातिलाई विस्थापन गर्न सक्छ ? पहिलो पटक मानव जातिले धर्तीमा वास्तविक चुनौतीको सामना गर्नुपरेको छ । हामी हजारौं वर्षदेखि यहाँ सबैभन्दा बुद्धिमान प्रजातिको रूपमा रहन सफल भयौं । अफ्रिकाको एउटा कुनामा रहेको मामुली ढेडुबाट धर्ती र यहाँको पर्यावरणको एकलौटी शासक हुने अवस्थासम्म आइपुग्यौं । अब हामी यस्तो जिनिस बनाउँदै छौं, जसले निकट भविष्यमै हामीसँग प्रतिस्पर्धा गर्न सक्छ । एआईबारे बुझ्नुपर्ने सबैभन्दा महत्त्वपूर्ण कुरा भनेको यो कुनै औजार होइन । यो आफैमा सक्रिय पात्र वा एजेन्ट हो । एजेन्ट यस अर्थमा की यसले हाम्रो सहायता वा संलग्नता बेगर आफै स्वतन्त्रतापूर्वक निर्णय गर्न सक्छ । यसले नयाँ विचार पनि आविष्कार गर्न सक्छ । नयाँ कुरा सिक्न सिक्न र तदनुकूल आफूमा परिवर्तन ल्याउन सक्छ । यस अघिका सबै मानवीय आविष्कारहरू चाहे त्यो प्रिन्टिङ प्रेस होस वा आणविक बम, ती सबैले केवल हामीलाई सशक्तीकरण गर्थे तर एआई त्यस्तो होइन । हो, पहिलेका आविष्कारहरूलाई हाम्रो आवश्यकता पर्थ्यो । छापाखानाले आफै किताब लेख्न सक्दैनथ्यो । कुन छाप्ने र कुन नछाप्ने भन्ने निर्णय गर्न सक्दैनथ्यो । एउटा आणविक बमले अर्को थप शक्तिशाली बम बनाउन सक्दैनथ्यो । आणविक बम आफैले कहाँ र कसरी आक्रमण गर्ने भन्ने निर्णय गर्न सक्दैनथ्यो । तर, एआई हतियारले भने आफै लक्ष्य तय गर्छ र कुन बम हान्ने पनि आफै निर्णय गर्छ । साथै थप संवृद्ध वा विकसित स्तरको हतियार आफैले रचना तथा सिर्जना गर्न सक्छ । तपाईंले आफ्नो पुस्तक 'नेक्सस' मा भन्नु भए जस्तै अहिले एआई 'बाल्य अवस्था' मा छ । यसले हामीबाट सिक्दै छ । तपाइको तर्क अनुसार अहिले हामी जसरी व्यवहार गर्छौं भविष्यमा एआईले त्यस्तै व्यवहार गर्नेछ । अहिले हामीले ढाँट्ने वा छल्ने गर्छौं भने भविष्यमा असल एआईको आशा गर्न सक्दैनौं । यस्तोमा शक्तिशालीहरूको ठुलो जिम्मेवारी छ भन्नु हुन्छ तपाईं, यसलाई थप प्रस्ट्याइ दिनुस् न । संसारमा एआईको विकास कसरी गरिँदै छ भन्नेबारे ठुलो चर्चा छ । हामी यसलाई दिनानुदिन बलियो हुँदै गरेको तथा धेरै शक्तिशाली 'सुपरइन्टेलिजेन्ट' एजेन्टका रूपमा विकास गरिरहेका छौं । यस्तो अवस्थामा स्वाभाविक रूपमा हामी कसरी यी एआई एजेन्टहरू मानव जातिको लक्ष्यसँग मिलेर अघि बढ्छन् वा मानवताको हितमा हुन्छन् भन्ने सुनिश्चित गर्न सक्छौ भन्ने प्रश्न उठ्छ । यसबारे धेरै अनुसन्धान भएको छ । हामी कसरी एआईलाई लक्षित दिशा तर्फ डोर्याउन सक्छौं वा कसरी तिनीहरूलाई निश्चित सिद्धान्त सिकाउन सक्छौं भन्नेबारे धेरै प्रकारले प्रयत्न भएको छ । यदि हामी एआई एजेन्टहरूमा निर्धारित लक्ष्य कोड 'कोड' गर्न समर्थ भयौं भने हामी सुरक्षित हुन सक्छौं । यस्तो तरिका अपनाउँदा दुई खाले समस्या देखा पर्छन् । पहिलो, एआईको परिभाषा अनुसार नै यसले कुनै पनि कुरा सिक्न र आफैलाई फेर्न सक्षम हुन्छ भनिएको छ । यस अनुसार एआईले हामीले अनुमान गर्ने भन्दा फरक धेरै काम गर्न सक्छ । अर्को समस्या झनै ठुलो छ । हामी अहिले एआईलाई कुनै बालक जस्तो सोच्न सक्छौं । उसलाई आफ्ना सबै सबल गुणहरू सिकाउन सक्छौं । हामीले सिकाएकै अवस्थामा समेत यसले हामीलाई उन्नत वा खराब नतिजा देखाएर छक्क पार्न सक्छ । अन्तत: यसले हामीलाई छक्क पार्ने वा अझ भनौं तर्साउने क्षमता हासिल गरिनै हाल्छ । शिक्षाबारे थोरै पनि जानेका मानिसलाई राम्रोसँग थाहा छ, बच्चाहरूलाई सिकाउँदा हामी के भन्दैछौं भन्दा पनि हामी के गर्दैछौं भन्ने व्यवहारले सिकाइमा ठुलो असर पारेको हुन्छ । यदि हामी आृनो बच्चालाई 'ढाँट्नु हुँदैन' भन्छौं तर हामी आफैले ढाँटिरहेको बच्चाले देख्छन् भने उनीहरूले हाम्रो व्यवहारको नक्कल गर्छन् । त्यस्तो अवस्थामा हाम्रा फगत निर्देशनहरूको अर्थ हुँदैन । यदि हामीले ठुलो परियोजना बनाएर एआईलाई झुट नबोल्न तालिम दिन्छौं तर उनीहरूलाई संसारका मानिसको व्यवहारमा सहज पहुँच हुन्छ भने उनीहरूले त्यो व्यवहार हेर्छन् । कसरी धर्तीका शक्तिशाली मानिस तथा उनीहरूका अभिभावकहरु ढाँट्छन् भन्ने देख्छन् । र, त्यसैको नक्कल गर्छन् । त्यही सिक्छन् । हाम्रो ठुलो पहल निरर्थक हुन्छ । हामीले आज बिहान आ-आफ्नो क्षेत्रका अगुवाहरूलाई केही प्रश्नहरू सोध्यौं, जसमा उनीहरूले सञ्चालन गरिरहेको व्यवसायमा एआई कति प्रभावकारी भएको छ भनेर सोधिएको थियो । न्यून सङ्ख्यामा मात्रै प्रभावकारी छ भन्ने जवाफ आयो । धेरै जसोले अलि-अलि प्रभावकारी त छ तर धेरै ठुलो फरक भने पार्न नसकेको बताउनु भयो । अबको ३६ महिना पछि यसै गरी हामीले छलफल गर्दा पनि त्यसरी नै न्यून प्रभाव पारेको हुन्छ वा यो अवस्था फेरिन्छ ? यो प्रश्न समयको मापनसँग जोडिएको छ । मानौं अहिले हामी सन् १८३५ को लन्डनमा बसेर कुरा गर्दछौं । पाँच वर्षअघि मात्रै म्यानचेस्टरदेखि लिभरपुलसम्मको रेल सञ्चालनमा आएको छ । मानिसहरू भन्दै छन्, 'हामी रेलमार्गले संसार कसरी फेर्छ भन्ने छलफल गर्दछौं । औद्योगिक क्रान्तिलाई कसरी गति दिँदै छ भन्दै छौं । यी सबै वाहियात कुरा हुन । हामीसँग धेरै अघिदेखि रेलमार्ग छ त ! खै त परिवर्तन ?' अहिले आएर हेर्दा हामीले देख्छौं, औद्योगिक क्रान्ति तथा रेलले विश्वमा आमूल परिवर्तन ल्याइदिए । त्यो थाहा पाउन उनीहरूलाई थप पाँच वर्ष लाग्यो । अहिले एआईको सन्दर्भमा पनि त्यस्तै हो । एआईले पनि सबै क्षेत्रमा परिवर्तन ल्याउँदै छ । केही प्रस्ट देखिँदैछन् भने केही अझै प्रस्ट छैनन् । मलाई लाग्छ हामीले ठुलो परिवर्तन देख्ने मुख्य क्षेत्र वित्तीय क्षेत्र हुन सक्छ । एआईले वित्तीय क्षेत्र छिट्टै कब्जा गर्दैछ । वित्तीय क्षेत्र भनेको विशुद्ध सूचनामा आधारित क्षेत्र हो । अहिले नै हामीले दशौं हजार स्वचालित सवारी साधनहरू देख्न पाएका छैनौं किनभने त्यसका लागि वास्तविक दुनियाँको भद्रगोलमा काम गर्नुपर्छ । बाटोका खाल्डादेखि पैदलयात्री लगायत धेरै समस्या ख्याल गर्नुपर्ने हुन्छ । तर, वित्तीय क्षेत्रमा केवल सूचना आउने र जाने मात्रै हुन्छ । एआईलाई अहिले नै यसमा महारथ हासिल गर्न सजिलो छ । सोच्नुस् त ! एआईले वित्तीय क्षेत्रमा नयाँ उपकरणहरू आविष्कार गर्न थाल्यो भने तथा गणितीय रूपमा जटिल त्यस्ता उपकरणहरू मानिसको मस्तिष्कले ठम्याउन नसकिने भएको अवस्थामा के होला ? तपाईंले विभिन्न प्रकारका रोजगारीमा विस्थापन हुने भन्नु भएको छ । तपाईं यसबाट उपयोगिता विहीन वर्गको उदय हुने चिन्ता गर्नु हुन्छ । समाजको रूपमा केवल जोगिन मात्रै नभएर उन्नति गर्नका लागि पनि हामीले के गर्नुपर्ने हुन्छ ? म के कुरामा जोड दिन चाहन्छु भने एआईसँग व्यापक क्षमता छ । यसका साथै त्यति नै धेरै जोखिम पनि छ । म कुनै पनि ऐतिहासिक वा प्राविधिक नियतिवादमा विश्वास गर्दिन । हामी एउटै प्रविधिको प्रयोगबाट फरक-फरक प्रकारका समाज निर्माण गर्न सक्छौं । २०औं शताब्दीलाई हेर्‍यौं भने त्यहाँ हामीले ठ्याक्कै एउटै खालको प्रविधिले कम्युनिस्ट सर्वसत्तावाद तथा उदार लोकतन्त्र दुवै बनाएको देख्छौं । एआईको हकमा पनि त्यही हुने हो । हामी एआईलाई लिएर के बनाउँछौं भन्ने हाम्रो रोजाइमा भर पर्छ । एआई विभिन्न स्वरूपमा प्रस्तुत भइरहेको छ । र यसै गरी अगाडी जानेवाला छ । यी सबै एआईहरू आपसमा प्रतिस्पर्धा गर्दै तीव्र गतिमा विकास हुँदैछन् भने अबको संसार कस्तो हुनेछ ? यो धेरै महत्त्वपूर्ण सन्दर्भ हो । एआई कुनै महा-एआई वा बडेमानको एआई हुने होइन । हामी सम्भावित करोडौं वा अरबौं एआई एजेन्टहरूको कुरा गर्दछौं । तिनीहरू फरक विशेषताका हुनेछन् । फरक कम्पनीबाट तयार हुनेछन् । फरक मुलुकमा तयार हुनेछन् । त्यसले कस्तो नतिजा ल्याउँछ भनेर हामीलाई केही थाहा छैन । करोडौं एआईहरू आपसमा प्रतिस्पर्धा गरिरहेको एआई समाजमा के हुन्छ भन्ने हामीसँग कुनै अनुभव छैन । यस्तो कुरा अहिले काल्पनिक रूपमा पनि भन्न सजिलो छैन । एक हिसाबले यो मानव इतिहासको सबैभन्दा ठुलो प्रयोग पनि हो । यसबाट के विकास हुन्छ भन्ने कसैलाई पनि थाहा छैन । हामी एउटा तुलना गरेर सोच्न सक्छौं । अहिले अमेरिका युरोपलगायत जताततै आप्रवासीको सङ्कट छ । धेरै मानिसहरू आप्रवासीलाई लिएर चिन्तित छन् । उनीहरू किन चिन्तित छन् त ? मानिसहरूको दिमागमा तीनवटा कारण आउँछन् । पहिलो, उनीहरू आप्रवासीले आफ्नो रोजगारी खोस्छन् भन्ने ठान्छन् । फरक संस्कृतिबाट आएर आफ्नो संस्कृति फेर्छन् भन्ने ठान्छन् । राजनीतिक एजेन्डासहित आएर देश नै कब्जा गर्न सक्छन् भन्ने सोच्छन् । अहिले तपाईं त्यही कुरा एआईको हकमा पनि दाँजेर हेर्न सक्नुहुन्छ । एआई क्रान्तिको लहरले विकास गर्ने करोडौं, अरबौं एआई एजेन्टले सहजै मानिसको रोजगारी खोस्न सक्छन् । नितान्त फरक सांस्कृतिक विचार बोकेका हुन्छन् । साथै कुनै प्रकारको राजनीतिक शक्ति समेत हासिल गर्ने प्रयास गर्न सक्छन् । यी एआई आप्रवासीहरू, डिजिटल आप्रवासीहरू जसलाई भिसा समेत चाहिँदैन । उनीहरूले डुङ्गामा बसेर मध्यरातमा समुद्र पार गर्नुपर्दैन । उनीहरू त प्रकाशको गतिमा आइपुग्छन् । युरोपका अति-दक्षिणपन्थी पार्टीहरू आफ्नो देशको सार्वभौमिकताको चर्का कुरा गर्छन् । यदि उनीहरूलाई साँच्चै आफ्नो देशको सार्वभौमिकताको, आर्थिक तथा सांस्कृतिक भविष्यको चिन्ता छ भने उनीहरूले मानव आप्रवासी भन्दा डिजिटल आप्रवासीको चिन्ता धेरै गर्नुपर्ने समय आइसकेको छ ।

*-रातोपाटी डटकम*

# आज विश्व युवा दक्षता दिवस मनाइँदै




**पाल्पा,** असार ३०/जुलाई १५ तारिख अर्थात् आज विश्व युवा दक्षता दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदै छ । युवाहरूको सामाजिक-आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यले हरेक वर्ष यो दिवस मनाइने गरिन्छ ।

सन् २०१४ को डिसेम्बरमा संयुक्त राष्ट्रसंघको साधारण सभाले आजकै दिन अर्थात् जुलाई १५ मा दिवस मनाउने सङ्कल्प गरेदेखि यो दिन मनाउन थालिएको हो । विश्वभर बढ्दै गइरहेको बेरोजगारी वा योग्यता अनुसारको रोजगार नपाइने प्रवृत्तिलाई सम्बोधन गर्ने उद्देश्यले पनि यो दिन मनाइएको हो । मुलुकको आर्थिक, सामाजिक, राजनीतिक र शैक्षिक क्षेत्रमा युवाहरूको सक्रिय सहभागिता रहने गरेको पाइन्छ । कृषि तथा उत्पादनमूलक र श्रम क्षेत्रमा पनि युवाहरूको उपस्थिति ठूलो छ । अध्ययन, रोजगारी, जीविकोपार्जन र अवसरको खोजीका लागि धेरै युवाहरू सहर केन्द्रित भइरहेका छन्, विदेश पलायन भइरहेका छन् । नेपालको जनगणना २०७८ को तथ्याङ्क अनुसार नेपालमा १६ देखि ४० वर्ष उमेर समूहका युवाको जनसंख्या ४२ दशमलव ५६ प्रतिशत रहेको छ । नेपालको जनसंख्याको झण्डै आधाको हाराहारीमा रहेका युवा जनशक्ति राज्यको बेवास्ताकै कारण पिल्सिरहेका छन् । वयस्कहरूभन्दा युवाहरू बेरोजगार रहने सम्भावना तीन गुणाले बढिरहेको तथ्याहरूले देखाउँछ । बेरोजगार मात्र होइन, उनीहरूले रोजगार पाइहालेमा पनि निम्न गुणस्तरको काम पाउने र काममा असुरक्षा र असमानता हुने गरेको पाइएको छ । अझ युवतीहरू बेरोजगार रहने सम्भावना झनै बढी छ । सरकारले वैदेशिक रोजगारलाई समेत व्यवस्थित गर्न सकेको छैन । हाल रेमिटेन्स कुल ग्राहस्थ्य उत्पादनको ३ प्रतिशतबाट बढेर २१ प्रतिशत हुन पुगेको अनुमान छ । देशमा शान्ति सुरक्षा व्यवस्थापन कार्यमा सफलतापूर्वक सम्पन्न गर्न महत्वपूर्ण दायित्व निर्वाह गर्नुपर्ने आवश्यकता एकातिर छ भने अर्कोतिर एक दशकभन्दा बढी समयदेखि द्वन्द्वग्रस्त बनेको हाम्रा मुलुकले राजनीतिक परिवर्तनसँगै आर्थिक, सामाजिक तथा विकासका हिसाबले पनि काँचुली फेर्न सक्ने अवस्था युवावर्ग आफैँले सिर्जन गर्नुपर्छ ।

## वाद्यवादन सिक्दै...

...सीप सिकेपछि घरमा समय मिलाएर बजाउने र विभिन्न लयमा सिक्ने कार्य भइरहेको तुल्सी रेग्मीले उल्लेख गरिन् । घरमा मादल, हार्मोनियमलगायत विभिन्न थरीका बाद्यवादनका सामग्री रहेका भन्दै एक पटक सीप सिकेपछि विभिन्न लयमा बजाउन समस्या नभएको उनको अनुभव छ । उनले मादलसँगै हार्मोनियम, खैजडी, मुजुरालगायत बाद्यवादनका सामग्री बजाउने गरिरहेकी छन् । घरमै बाद्यवादन भएकाले सो सामग्री व्यवस्थापनमा समस्या नभएको उनको भनाइ छ । रामपुर बेझाडस्थित राधाकृष्ण मन्दिरमा दिउँसोको समयमा यहाँका महिलालाई ऋषि ढकालले प्रशिक्षकका रूपमा सीप सिकाएका हुन् । आफूले जानेको सीप सिकाउन पाउँदा उत्साहित भएको उनले बताए । सुरुमा सिकाउन गाह्रो भए पनि सहभागीले सिक्न थालेपछि सजिलो हुँदै गएको उनको अनुभव छ । "सुरुमा कसरी सिक्नुहुन्छ होला ? भन्ने लागेको थियो, मादलमा हात राम्ररी राख्न थालेपछि विस्तारै सिक्दै जानुभयो । दश दिन मादलमा हात बसाल्नै समय लाग्यो, त्यसपछि विस्तारै तालमा बजाउने सीप सिकेपछि अहिले एउटा बाद्यवादकले जसरी नै मादल बजाउनु हुन्छ । छोटो समयमा पनि राम्रो सीप सिक्नुभएको छ", प्रशिक्षक ढकालले भने । मादलका लागि सिकारुलाई आठमात्राको ख्याली ( जहाँ आठ प्रकारका ख्याली) बजाउन सिकाइने उनले जानकारी दिए । सहभागीले रत्यौली, पूजाआजा, भजनकीर्तनमा प्रयोग हुने मादलसम्बन्धी सीप हासिल गरेका प्रशिक्षक ढकालले उल्लेख गरे । सानै उमेरदेखि बाद्यवादनमा लागेका ढकालले 'भित्रदेखि सिक्छु' भनेर लागियो भने सङ्गीत सिकाइ पूरा हुने आफ्नो अनुभव सुनाए । उनी भजनकीर्तन, पूजाआजा, शुभकार्य, विभिन्न कार्यक्रमलगायत विभिन्न कार्यमा सहभागी भएर बाद्यवादकको काम गर्दै आएका छन् । यहाँका महिलाले रत्यौलीमा प्रयोग हुने ख्याम्टा, झ्यारे भाकाको ताल, झ्याउरे भाकालगायत सीप सिकेका छन् । पहिला बाद्यवादन क्षेत्रमा पुरुषकै वर्चश्व हुन्थ्यो । अहिले युवा जनशक्ति गाउँमा बसोबास नगर्दा पुरुष बाद्यवादक पनि कम हुँदै जान थालेको अवस्थामा रत्यौली, पूजाआजा, भजनकीर्तनलगायत विभिन्न कार्यक्रममा महिलाले बाद्यवादकको काम गर्न थालेपछि संस्कृति संरक्षणका साथै पुस्तान्तरण भइरहेको स्थानीय बताउँछन् । बाद्यवादनमा रुची भएका महिलालाई लक्षित गरेर सीप विकासको तालिम दिएमा कुशल बाद्यवादक उत्पादन हुने प्रशिक्षक ढकालले बताए । "बाद्यवादन एउटा मानव मन भुलाउने माध्यम हो । यसले सबैको मनलाई छोएको हुन्छ । त्यसकारण तल्लो तहदेखि सीप विकास गर्नका लागि यस्ता खालका कार्यक्रममा सम्वद्ध निकायले जोड दिनुपर्दछ", उनले भने ।

## छुट्टाछुट्टै सवारी...

...दुर्घटनामा गम्भीर घाइते भएको उनको नर्सिङहोम नेपालगंजमा थप उपचारको क्रममा मृत्यु भएको प्रहरी जनाएको छ । प्रहरीले मोटरसाइकल चालकलाई नियन्त्रणमा लिएको छ । यसैगरी बर्दियाको गुलरिया नगरपालिका-५ स्थित सडकमा मोटरसाइकल दुर्घटना हुँदा अर्को एक जनाको मृत्यु भएको छ । चालक सैइलहवाबाट राधाकृष्ण चोकतर्फ आउँदै गरेको युपि ४० बिबि १६२९ नम्बरको मोटरसाइकल दुर्घटना हुँदा चालक भारत बहराईच ग्राम मेहेपुरूवा बस्ने ६५ वर्षीय गुरमुख सिंहको मृत्यु भएको हो । दुर्घटनामा गम्भीर घाइते भएका उनको बर्दिया अस्पताल गुलरियामा उपचारको क्रममा मृत्यु भएको प्रहरी जनाएको छ । तीनै वटा घटनाको विषयमा थप अनुसन्धान गरिरहेको केन्द्रीय प्रहरी समाचार कक्षले जनाएको छ ।

### खेलकुद समाचार

## सिनरले जिते विम्बलडन उपाधि



**काठमाडौं, असार ३०**/विश्वको प्रतिष्ठित टेनिस प्रतियोगिता विम्बलडन २०२५ को पुरुष एकल फाइनलमा इटालीका यानिक सिनरले स्पेनका कार्लोस अल्कारेजलाई हराउँदै उपाधि हता पारेका छन् ।

स्पेनिस खेलाडीबाट प्राप्त कठिन चुनौतीको सामना गर्दै उत्कृष्ट प्रदर्शन गरेर इटालियन टेनिस खेलाडी सिनरले आफ्नो करिअरको चौथो ग्रान्डस्लाम उपाधि जितेका हुन् । तर, स्पेनका युवा टेनिस खेलाडी कार्लोस अल्कारेज विम्बलडनमा उपाधि ह्याट्रिक गर्न असफल रहे । अल्कारेज फाइनलमा यानिक सिनरसँग चार सेटसम्म चलेको खेलमा पराजित भए । सिनरले सेमिफाइनलमा २४ पटकका ग्रान्डस्लाम विजेता नोभाक जोकोभिचलाई हराएर फाइनलमा प्रवेश गरेका थिए । विश्व नम्बर एक खेलाडी यानिक सिनर अल इंग्ल्यान्ड क्लबमा पहिलोपटक च्याम्पियन बन्न सफल भए । वम्बलडन अघि सिनरले तीन ग्रान्डस्लाम उपाधि जितिसकेका छन् । २३ वर्षीय सिनरले गत वर्षका च्याम्पियन २२ वर्षीय स्पेनिस टेनिस स्टार कार्लोस अल्कारेजलाई चार सेटको कडा संघर्षमा ४-६, ६-४, ६-४, ६-४ ले हराएका हुन् । पहिलो सेट हारेपछि सिनरले धैर्यता गुमाएनन् र अल्कारेजलाई बाँकी तीन सेटमा कुनै पनि अवसर दिएनन् । यो सिनरको चौथो ग्रान्डस्लाम उपाधि हो । गत सेप्टेम्बर २०२३ मा सिनरले यूएस ओपन जितेका थिए । त्यसपछि यो वर्ष जनवरीमा उनले अस्ट्रेलियन ओपन पनि जिते । यसैबीच, एकै वर्षको ग्रान्डस्लाम टेनिस फाइनलमा १७ वर्षपछि पहिलोपटक फ्रेंच ओपन र विम्बलडनका प्रतिद्वन्द्वी एकै (अल्कारेज बनाम सिनर) भएर अनौठो संयोग बन्न पुगेको छ । यसअघि २००६, २००७ र २००८ मा रोजर फेडरर र राफेल नडालबीच यस्तो भएको थियो ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१

### अर्थ/कर्पोरेट समाचार

## नेप्से परिसूचक ३५ अङ्कले घट्यो



**पाल्पा,** असार ३०/सोमबार नेप्से परिसूचक दोहोरो अंकले घटेको छ । नेप्से परिसूचक ३५ दशमलव ०९ अंकले घटेर २ हजार ७ सय २५ दशमलव ७१ अंकमा अडिएको हो ।

सो अवधिमा ३ सय २१ स्क्रिप्सको २ करोड ११ लाख २ हजार ५ सय ४० कित्ता सेयर ८ अर्ब १७ करोड २१ लाख ४३ हजार ३ सय २६ रुपैयाँमा खरिदबिक्री भए । यसदिन माइखोला हाइड्रो र हिमालय हाइड्रोका लगानीकर्ताले कमाए भने सामुदायिक लघुवित्त र धौलागिरी लघुवित्तका लगानीकर्ताले गुमाए । ४० करोड ८८ हजार रुपैयाँ बढीको सेयर कारोबार गरी एनआरएन इन्फ्राइन्स्ट्रकचर शीर्ष स्थानमा रह्यो । नेपाल राष्ट्र बैंकले लचक मौद्रिक नीति सार्वजनिक गरेको दोस्रो कारोबार दिनमै नेप्से सूचकमा गिरावट आएको हो । नीति सार्वजनिक भएपछिको पहिलो दिन नेप्से परिसूचक बढेको भए तापनि यसले निरन्तरता पाउन सकेन । कारोबारमा जलविद्युत् समूह शून्य दशमलव १५ प्रतिशतले बढेको छभने अरू सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै बैङ्किङ समूह दुई दशमलव ४६ प्रतिशतले बढेको छ । त्यस्तै, विकास बैङ्क एक दशमलव ४८, वित्त एक दशमलव १३, होटल तथा पर्यटन शून्य दशमलव २५, लगानी एक दशमलव २५, जीवन बीमा एक दशमलव ३६ र उत्पादन तथा प्रशोधन शून्य दशमलव ७८ प्रतिशतले घटेको छ ।

त्यस्तै, लघुवित्त एक दशमलव २३, म्युचुअल फन्ड शून्य दशमलव १७, निर्जीवन बीमा एक दशमलव ०५, व्यापार शून्य दशमलव ६४ र अन्य समूह एक दशमलव २४ प्रतिशतले घटेको छ । माईखोला हाइड्रोपावर लिमिटेडको शेयर मूल्य आज सबैभन्दा धेरै पाँच दशमलव ९० प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने सामुदायिक लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य चार दशमलव ४६ प्रतिशतले घटेको छ ।

मनको आवाज............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई